स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता राजेश हमाल उमेरले ६० वर्ष टेकिसकेका छन् । यो उमेरमा पनि उनी फिटनेस-कन्सस छन् । नियमित जिम जान्छन् र योगाभ्यास गर्छन् । खानपिन तालिका पनि सोहीअनुसार छ । सामाजिक सञ्जालमा पनि शारीरिक सुगठनदेखि कसरतसम्मका फोटो पोस्ट गर्छन् । उनको फिटनेस शैलीलाई लिएर फ्यानले पनि प्रतिक्रिया दिने गरेका छन् । यो उमेरमा पनि स्वास्थ्यप्रति सचेत हमालको बानी धेरैका लागि अनुकरणीय छ ।

**आजको विचार...**



केशव खतिवडा

**समाजवाद...**
*(दुई पेजमा)*



अभिनेता विराज भट्ट यतिबेला आफ्नो आगामी फिल्म '१२ गाउँ'को तयारीमा छन् । फिल्मलाई उनी आफैंले निर्देशन गर्दैछन् । ठूलो 'स्केल'मा निर्माण हुन लागेको फिल्ममा उनले एक्सनलाई विशेष प्राथमिकता दिँदैछन् । यसैले उनले द्वन्द्व निर्देशक समेत भारतबाट झिकाएका छन् । कयैन् तमिल फिल्ममा द्वन्द्व निर्देशक भएर काम गरेका स्टन्ट सिल्भालाई विराजले फिल्ममा अनुबन्ध गरेका हुन् । सिल्भा केही दिनदेखि काठमाडौंमा छन् । सिल्भाले रजनीकान्तदेखि विजयसम्मका फिल्ममा द्वन्द्व निर्देशन गरेका छन् ।

❑ वर्ष २९ ❑ अंक २३२ ❑ २०८० चैत ८ गते बिहीबार 21 March 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सडक दुर्घटनामा १४ जनाको मृत्यु

**(रासस/एएफपी)**

**बेइजिङ,** चैत ७/उत्तरी चीनमा दूतसेवाको सुरुङमार्गभित्र बस दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको छ भने ३७ जना घाइते भएको सरकारी सञ्चार माध्यमले बुधबार जनाएका छन् । मंगलबार दिउँसो २:३० पछि दुर्घटना भएको सरकार नियन्त्रित प्रसारक सिसिटिभीले साङ्क्सी प्रान्तका स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै उल्लेख गरेको छ । अधिकारीका अनुसार ५१ जना यात्रु बोकेको बस सुरुङको भित्री पर्खालमा ठोक्किँदा दुर्घटना भएको हो । चिनियाँ समाचार संस्था सिन्ह्वाले जीवित व्यक्तिहरूको अवस्थाको गम्भीरताको बारेमा विवरण प्रदान नगरी छुट्टै रिपोर्टमा मारिएका र घाइतेहरूको संख्या पुष्टि गरेको छ । घटनाको कारणबारे अनुसन्धान भइरहेको जनाइएको छ । गत वर्षको फेब्रुअरीमा मध्य हुनान प्रान्तमा कुहिरो लागेको रातिमा एक सवारी साधन दुर्घटना भएपछि पछिबाट आएका दर्जनौ गाडी उक्त गाडीसँग ठोक्किएर दुर्घटना हुँदा कम्तीमा १६ जनाको मृत्यु भएको थियो भने दर्जनौँ घाइते भएका थिए । त्यसको एक महिना अघि पूर्वी जियाङ्सी प्रान्तमा भएको सडक दुर्घटनामा १९ जनाको मृत्यु भएको थियो भने २० जना घाइते भएका थिए ।

## रामपुरमा बजार अनुगमन

# म्याद सकिएका खाद्यवस्तु छ्यापछ्याप्ती

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत ७/जिल्लाको दोस्रो व्यापारिक केन्द्रको रुपमा रहेको रामपुर बजारमा म्याद सकिएका खाद्यवस्तु छ्यापछ्याप्ती पाइने गरेका छन् । रामपुर नगरपालिकाले गरेको बजार अनुगमनका क्रममा म्याद सकिएका खाद्यवस्तु छ्यापछ्याप्ती विक्री वितरण गर्ने गरेको पाइएको हो ।

बजारमा व्यापारीहरुले म्याद सकिएका खाद्यवस्तु खुलेयाम बिक्री गरी उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने गरेको अनुगमनमा भेटिएको छ । नगर सरकारले उपभोक्ताको स्वास्थ्य र हितलाई मध्यनजर गर्दै रजघरा, सदावर्त, मटेरी, बाङ्गेपसल, बेझाँड बजार क्षेत्रमा रहेका खाद्य तथा किराना पसल, स्वास्थ्य क्लिनिक, मासु पसल, कस्मेटिक तथा फेन्सी पसल तथा व्यवसायको अनुगमन गरेको हो । अनुगमनका क्रममा खाद्यान्न पसलमा म्याद नाघेका विस्कुट, चकलेट, चाउचाउ, पेयपदार्थ, झिनिया, सुर्तिजन्य पदार्थ, पाउरोटी, तेल, सुजी, औषधी छ्यापछ्याप्ती विक्री भइरहेको पाइएको छ । ठूला डिलरले



म्याद ग्रुजेका र गुज्रने मिति पुगेका सामग्री पठाउने हुँदा यहाँका बजारमा म्याद नाघेका सामग्री खुलेयाम बिक्री भइरहेका छन् । टोलीले ति सामग्री बरामद गरी नष्ट गरेको छ । ५६ हजार ६ सय ५९ रुपैयाँ बराबरको अखाद्य वस्तु बरामद गरी नष्ट गरिएको घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका उद्यम विकास सहजकर्ता मनोज घिमिरेले जानकारी दिए ।

यस्तै अनुगमनका क्रममा मूल्य सुची नराखेको, दर्ता नविकरण तथा सुचिकृत नगरेको, लेबलिङ नभएका सामग्री विक्रीका लागि राखिएको भेटिएको छ । नियमसंगत ढंगबाट व्यवसाय सञ्चालन गर्न अनुरोध गरिएको र पटक पटक अटेर गरेमा कानुनी प्रक्रिया अनुसार कारवाही गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । उपभोक्ताको स्वास्थ्य र गुणस्तरीय तथा खाद्य बस्तु उपभोग गर्न पाउने अधिकारलाई सुनिश्चित गरी पसल व्यवसाय सञ्चालन गर्न अनुगमन समितिका संयोजक तथा उपप्रमुख बाल कुमारी थापाले व्यवसायीलाई आग्रह गरिन् । ईलाका प्रशासन कार्यालय रामपुरका प्रमुख दिनेश ज्ञवाली, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पाल्पाका प्रमुख नरेश श्रेष्ठ, करदाता सेवा कार्यालय पाल्पाका योगमाया न्यौपाने, रामपुर उद्योग वाणिज्य संघका अध्यक्ष भोजेन्द्रप्रकाश ढकाल, पत्रकार महासंघ पाल्पाका सदस्य दुर्गेश मल्ल र प्रहरीसहितको टोलीले बजार अनुगमनमा गरेको थियो । रामपुरका बजारमा मात्र होइन जिल्लाको सदरमुकाम तानसेन र अन्य स्थानीय तहका बजारमा समेत खुलमखुला व्यापारीले अखाद्य र म्याद ग्रुजिएका खाद्यवस्तु विक्री वितरण गर्ने गरेका छन् । अधिकांश सर्वसाधारण उपभोग्य सामग्रीको गुणस्तर ख्याल गर्दैनन् । यसकारण पनि व्यापारीहरूले सर्वसाधारणको स्वास्थ्य र पैसामाथि खेलवाड गरिरहेका छन् ।

**बजार अनुगमन गर्दैनन् स्थानीय तह**

सर्वसाधारणको स्वास्थ्य माथि व्यापारीले खेलवाड गरे पनि जिल्लाका अधिकांस स्थानीय सरकारले भने बजार अनुगमन गर्दैनन् । बजार अनुगमन गर्ने जिम्मा स्थानीय सरकारलाई रहे पनि उनीहरुले त्यसतर्फ ध्यान नै दिएका छैनन् । चार महिनाको एकपटक स्थानीय तहले बजार अनुगमन गर्नुपर्ने प्रावधान छ । स्थानीय तहका उपाध्यक्ष र उपप्रमुखलाई अनुगमन प्रमुखको जिम्मेवारी पनि तोकिएको छ । तर यहाँका अधिकांस स्थानीय तहले भने बजार अनुगमनमा चासो नै देखाउँदैनन् ।

**अनुगमन भएपनि कारवाही हुँदैन**

केही स्थानीय सरकारले बेला-बेलामा अनुगमन गरे पनि गलत कार्य गर्ने पसलेलाई कारवाही गर्ने गरेको पाइँदैन । अनुगमन टोलीले अनुगमन गर्दा सधैँ सुझावमात्रै दिएर छोड्ने गर्दछन् । जसका कारण मापदण्ड विपरीतका खाद्यवस्तु बिक्री गर्नेको मनोबल झनै बढ्ने गरेको छ । वर्षको एक-दुई पटक बजार अनुगमन भएपनि सुझाव मात्रै दिइन्छ, कारवाही कहिले हुँदैन ।

## रिडी-तम्घास सडक तीन साता बन्द



**गुल्मी,** चैत ७/मदन भण्डारी राजमार्ग अन्तर्गत रिडी-तम्घास सडक बुधबारदेखि तीन सातासम्मका लागि बन्द भएको छ । राजमार्ग योजना कार्यालयले सार्वजनिक सूचना निकालेर रिडी-तम्घास खण्डमा सडक विस्तारको काम भइरहेकाले तीन सातालाई वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरेको छ ।

सडक निर्माणका क्रममा पहरो फोर्ने, चौडा पार्ने, ग्रेड मिलाउने लगायत काम गर्नुपर्ने भन्दै कार्यालयले ७ चैतदेखि चैत मसान्तसम्म सडक बन्द हुने मदन भण्डारी राजमार्ग योजना कार्यालयका इन्जिनियर एवं सूचना अधिकारी शर्मिला शर्माले जानकारी दिइन् । उनले तीन साताका लागि बुधबारदेखि बिहान १० देखि ४ बजेसम्म र राति १० देखि बिहान ४ बजेसम्म सडक बन्द रहने बताइन् । प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माको अध्यक्षतामा भएको बैठकले हाल तीन सातालाई सडक बन्द गर्ने निर्णय गरेको हो । मुख्य सडक बन्द भएपछि वैकल्पिक सडकका लागि पानीट्याङ्की-थोर्गा-स्यालपोखरी-सालबिसौनीबाट रातामाटा, पिपलनेटा दिगाम हुँदै रिडी र लुम्छा-धरमपानी-दिगाम हुँदै रिडी तथा घुम्तीबाट-चारापाला-खर्ज्याङ हुँदै रिडी सडक प्रयोग गर्न कार्यालयले सार्वजनिक सूचना जारी गरेर जनाएको छ । रिडी-तम्घास सडक खण्डको २५ किलोमिटर क्षेत्रमा सडक निर्माण द्रुतगतिमा भइरहेको छ । *-रासस*

## भूमि आयोग पाल्पाको २ वर्षे गतिविधि : ७ सय ४७ जनालाई लाल पुर्जा

**कृष्ण पोखरेल**

**पाल्पा,** चैत ७ /भूमि आयोग पाल्पाले २ बर्षको अवधिमा जिल्लामा गरेका काम तथा गतिविधिहरु सार्वजनिक गरेको छ । जिल्ला समितिले तानसेनमा पत्रकार सम्मेलन गरी काम तथा गतिविधिहरु सार्वजनिक गरेको हो ।

उसले २ वर्षमा रामपुर नगरपालिकाबाट ७ सय ८३ वटा अव्यस्थितहरुका निवेदन परेकोमा ७ सय ४७ वटा लाल पुर्जा वितरण गरेको, ९ वटा लाल पुर्जा मालपोत कार्यालयमा अध्यावधिक गरेको, १० वटा आयोगको गठन आदेश अनुसार फछ्र्यौट गरी निर्णय गरेको र १६ वटाको कित्ता एकिकरण भएको अध्यक्ष मोहनलाल गैरेले जानकारी दिए । समितिले अहिले तानसेन नगरपालिका भित्रको अव्यस्थित तथा भूमिहिन दलित तथा सुकुम्वासीको क्षेत्रमा काम शुरु गरेको जनाएको छ । जिल्लामा ८ वटा पालिकाबाट भूमिहिन दलित ३ सय ३ जना, भूमिहिन सुकुम्वासी, ६ सय ७१ जना, अव्यस्थित बसोवास ७ हजार



३ सय १७ जना गरी जम्मा ८ हजार २ सय ९१ जनाको निवेदन परेकोमा ५ हजार जनाको आयोगको सिष्टममा दर्ता भएको आयोगका जिल्ला अध्यक्ष गैरेले बताए । पूर्वखोला र रम्भा गाउँपालिकाबाट भने कुनै पनि निवेदन दर्ता नभएको उनले बताए । पाल्पामा २०५५ सालमा बनेको जिल्ला सुकुम्वासी आयोगले वितरण गरेको ४०५ जग्गाको लाल पुर्जाको नक्सा, श्रेष्ता, फिल्डवुक फेला नपरेको समितिले जनाएको छ । पत्रकार सम्मेलनमा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, नेपाली काँग्रेसका महासमिती सदस्य रामेश्वर पन्थी, नेकपा एमालेका जिल्ला अध्यक्ष धनेन्द्रराज घिमिरे, नेकपा माओवादी केन्द्रका सचिव मथुरा ढकाल, राष्ट्रिय स्वतन्त्रपार्टीका उपाध्यक्ष सुमन गैरे, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष डुलबहादुर कुवँर, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, नेकपा एकिकृत समाजवादीका सचिव जगन्नाथ नेपाल, पत्रकार महासंघका अध्यक्ष रेखीराम राना लगायतले समितिले अव्यस्थित जग्गालाई मात्र ध्यान दिएकाले अबका दिनमा भूमिहिन दलित र भूमिहिन सुकुम्वासीलाई प्रमुख प्राथमिकता दिएर काम गर्न सुझाव दिए । समितिका विज्ञ सदस्य कृष्णप्रसाद अधिकारीले आयोगको झन्झटिलो नीति, लामो प्रक्रिया तथा सूचना प्रकाशन गर्ने व्यबस्था, दुई पटकसम्म भएको निर्वाचन आचार संहिताको कारण ७ सय ४७ जनालाई लाल पुर्जा वितरण गरी सरकारलाई १२ करोड राजश्व संकलन गराएको जानकारी दिए । पाल्पा अहिले लाल पुर्जा वितरण गर्ने संख्यामा देशभरीमाबाट दोस्रो स्थानमा रहेको उनले बताए ।

पाल्पामा २०७८ साल चैत्र १७ गते मोहन लाल गैरेको अध्यक्षतामा ९ सदस्यीय भूमि आयोग जिल्ला समिति गठन भएको थियो । कर्मचारीको अभाव, पालिकाहरुबाट प्रयाप्त सहयोग र व्यवस्थापन नभएको हुँदा चाहे अनुसारको काम गर्न नपाएको समितिका अध्यक्ष गैरेले बताए । कार्यक्रमको सञ्चालन जिल्ला समितिका सदस्य सचिव नापी कार्यालय पाल्पाका प्रमुख अर्जुन पौडेलले गरेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## खुसी रहौं, स्वस्थ बनौं

खुसी स्वास्थ्यका लागि लाभदायक मानिन्छ । यो स्वास्थ्यका लागि अचुक औषधि समेत हो । तर मानिस खुलेर खुसी हुन सक्दैन । धेरैजसो समय मानिस चिन्ताग्रस्त, तनावग्रस्तरुमा हुन्छ । उसको दैनिकी धपेडीमा बित्छ । अहिले तनाव विश्वकै प्रमुख समस्याको रुपमा देखापरेको छ । तनावको उचित व्यवस्थापन गर्न नसक्दा व्यक्तिहरू मानसिक रोग (डिप्रेसन) को सिकार बनी आफ्नो उत्पादनशील समय पीडा र छट्पटीमा बिताउन विवश छन् । चिन्ता गर्दा–गर्दा चिन्ताले नै चिताको बाटोमा लैजान्छ । तसर्थ चिन्ताको भुमरीबाट मुक्ति पाई खुसी, उमङ्ग र उल्लासमय जीवन जिउन जरुरी छ । खुसीका माध्यमबाट विश्व शान्तिमा सकारात्मक योगदान र भ्रातृत्व तथा मित्रताको विश्वव्यापी चेतना फैलाउनका लागि हरेक वर्ष विश्व खुसी दिवस मनाइने गरिन्छ । बुधबार पनि विश्वभर अन्तर्राष्ट्रिय खुसी दिवस मनाइएको छ । सयुक्त राष्ट्रसंघले हरेक वर्षको मार्च २० तारिखमा अन्तर्राष्ट्रिय खुसी दिवस मनाउँदै आएको छ । यो दिवस मानिसले खुसी हुन पाउनु अधिकार हो भनेर मनाउन सुरु गरिएको हो । जीवनको आनन्द नै खुसीमा मात्र हुन्छ भनेर मानिसले बुझ्नु जरुरी हुन्छ ।

खुसी रहने तरिका सबैका लागि एउटै नहुन सक्छन् । कोही शान्त वातावरणमा रमाउँदा खुसी हुन्छन् त कोही आफ्नो मिल्ने साथीहरुसँग समय बिताउन पाउँदा खुसी हुन्छन् । कोही चाँही आफ्नो सपनालाई पछ्याउँदै स्वतन्त्र रुपमा अगाडि बढ्नुलाई खुसी मान्छन् । जे जस्तो भएपनि खुसी रहनु ठूलो कुरा हो । खुसीले मानिसलाई आत्मसन्तुष्टि दिन्छ । खासमा खुसी भन्ने कुरा भौतिक कुराबाट प्राप्त हुने होइन । यद्यपी त्यो खुसीको माध्यम भने बन्न सक्छ । जब मानसिक विकार हटाएर सकारात्मक सोंच, धारणाको विकास हुन्छ, खुसी आफै प्राप्त हुन्छ । अतः सुखी जीवनको लागि आफ्नो जीवनशैली पनि परिवर्तन गर्नुपर्छ । स्वस्थ्य र सन्तुलित जीवनशैलीले हामीलाई दुखी हुने अवस्थामा पुर्‍याउँदैन । स्वस्थ्य जीवन र स्वस्थ्य मन नै खुसीको आधार हो । योग, व्यायाम, प्राणायम जस्ता कुराबाट पनि मनलाई शान्त र खुसी तुल्याउन सकिन्छ । जीवनमा सफलता र सुख मिल्यो भने मात्र स्वास्थ्य जीवन जीउन सकिन्छ । यसर्थ स्वस्थ रहन सधैँ खुसी हौं ।

## Opinion @ Social Network

भाग्य एउटा बाँझो खेत जस्तै हो,
मेहनतले रिझाउन र पसिनाले भिझाउन जानेमा मात्र उब्जनी राम्रो हुन्छ ।
*(रञ्जु अधिकारीको फेसबुक स्टाटसबाट https://www.facebook.com/Ranju.adhikari)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समाजवाद कि सन्तुलित पुँजीवाद ?



**केशव खतिवडा**

*अर्थशास्त्री एडम स्मिथ पुँजीवादका प्रणेता हुन् भने जोन लक यसका विकासकर्ता र व्याख्याता हुन् । पहिलो औद्योगिक क्रान्ति 'वाष्प इन्जिनको विकास', दोस्रो औद्योगिक क्रान्ति 'रेडियो, टेलिभिजन, दूरसञ्चार, तेलबाट चल्ने इन्जिन', तेस्रो औद्योगिक क्रान्ति 'सूचना प्रविधि, नविकरणीय ऊर्जा' र चौथो औद्योगिक क्रान्ति 'इन्टरनेटमा आधारित कृत्रिम बौद्धिकता' सम्मको अवस्थामा आइपुग्दा पुँजीवादले उदारवाद र नवउदारवादका रूपमा आफूलाई विकास गरिसकेको छ ।*

समाज विकासका क्रममा सामन्तवादको पतनसँगै पुँजीवादी व्यवस्थाको प्रारम्भ भयो । मध्य युगको अन्त्यतिर नरम 'प्रोटो-इन्डस्ट्रिअलाइजेसन' क्रान्तिले स्वतन्त्र बजारलाई जन्म दियो तर वाष्प शक्तिको विकाससँगै १८औं शताब्दीको अन्त्यतिर पुँजीवाद देखापर्‍यो । कपडा उद्योगका माध्यमबाट पुँजीवादले सुरुमा आफ्नो विकास गर्‍यो । सन् १८२० लाई औद्योगिक क्रान्तिको प्रस्थान बिन्दु मानिन्छ । यही बिन्दुबाट पुँजीवादको भ्रूणको विकास भयो । सामान्य अर्थमा 'पुँजी' शब्दले वित्तीय स्रोत र सोसँग सम्बन्धित क्रियाकलापलाई जनाउँछ भने 'वाद'ले बृहत् जीवनशैली वा प्रणालीलाई जनाउँछ । 'पुँजीवाद' भन्नाले स्वतन्त्रपूर्वक पुँजीको उपयोग गर्ने बृहत् जीवनशैली वा प्रणाली भनी बुझ्नुपर्छ । निजी सम्पत्तिको स्वतन्त्रपूर्वक प्रयोग गर्न पाउने अधिकार नै पुँजीवादको जग हो । अर्थशास्त्री एडम स्मिथ पुँजीवादका प्रणेता हुन् भने जोन लक यसका विकासकर्ता र व्याख्याता हुन् । पहिलो औद्योगिक क्रान्ति 'वाष्प इन्जिनको विकास', दोस्रो औद्योगिक क्रान्ति 'रेडियो, टेलिभिजन, दूरसञ्चार, तेलबाट चल्ने इन्जिन', तेस्रो औद्योगिक क्रान्ति 'सूचना प्रविधि, नविकरणीय ऊर्जा' र चौथो औद्योगिक क्रान्ति 'इन्टरनेटमा आधारित कृत्रिम बौद्धिकता' सम्मको अवस्थामा आइपुग्दा पुँजीवादले उदारवाद र नवउदारवादका रूपमा आफूलाई विकास गरिसकेको छ । पुँजीवाद भन्नाले मूलत : आर्थिक प्रणाली वा आर्थिक रूपलाई जनाउँछ तर आधुनिक विश्व प्रणाली अनुसार पुँजीवाद भन्नाले लोकतन्त्र, निजी स्वामित्व र प्रतिस्पर्धामा आधारित उद्यमशील अर्थव्यवस्था वा अर्थशास्त्र हो ।

सन् १९३० को आर्थिक महामन्दीले परम्परागत पुँजीवादलाई घुँडा टेकायो । विश्व पुँजीवादी अर्थ-व्यवस्थामाथि गम्भीर सङ्कट सिर्जना भयो जसलाई किन्सियन थ्यौरीले पुनरुत्थान गर्दै जीवनदान प्रदान गर्‍यो । सन् २००८ मा खासगरी अमेरिकामा देखापरेको सब प्राइम सङ्कट नामक मन्दीबाट सेन्टियागो सहमतिले उद्धार गर्‍यो । सन् २०२० मा कोभिड १९ का कारणले देखापरेको मन्दी समेत क्रमश : पुनरुत्थानतर्फ अघि बढिरहेको छ । पुँजीवादको नयाँ संस्करणका रूपमा उदारवाद र नवउदारवादको विकास भइरहेको छ । जुन सिद्धान्तलाई विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकले विश्वव्यापी बनाइरहेका छन् । उदारवाद भन्नाले मूलत : बजारको प्रधानतालाई जनाउँछ । 'सेन्टियागो सहमति'पछि वा समकालीन विश्वमा राज्य र बजारको समानान्तर अस्तित्व र आपसी अन्तर्क्रियाबाट अर्थराजनीतिको स्वरूप निर्धारण हुने गरेको पाइन्छ । त्यस कारण राज्य र बजारबिचको अन्तर्क्रियाले सिर्जना गरेको विवादलाई अर्थराजनीतिका माध्यमबाट समाधान गरिँदै आइएको छ । प्रख्यात अर्थशास्त्री जोसेफ सुम्पिटरले भनेजस्तै पुँजीवादमा लचकदार र सिर्जनशील गुण भएका कारण पुँजीवाद रूपान्तरण हुन्छ र दीर्घजीवन हासिल गर्छ । किनकि इन्नोभेटिभ र उद्यमशील गुण पुँजीवादको आत्मा बनेको छ । उनले प्रविधि र प्रयोगमा नयाँपनको सिर्जना र पुरानाको अवसान हुन्छ भनी सिर्जनात्मक विघटनको सिद्धान्तमा उल्लेख गरेका छन् । नभन्दै पुँजीवादले जतिपटक सङ्कटको सामना गरेको छ, त्यस पश्चात् झन् नयाँ सिद्धान्तका साथ झन् परिष्कृत भएर विकसित हुँदै आएको छ ।

### समाजवाद

मार्क्स र एङ्गेल्सद्वारा प्रतिपादित दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्र सम्बन्धी अवधारणाह यस अन्तर्गत रहेका द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी सिद्धान्तह अतिरिक्त मूल्यको सिद्धान्त र वर्गीय अधिनायकत्वको सिद्धान्तको कुल जोड नै समाजवाद वा मार्क्सवाद हो । सन् १८४८ मा प्रकाशित कम्युनिस्ट पार्टीको घोषणापत्र र क्रमश : सन् १८६७, १८८५ र १८९४ मा प्रकाशित पुँजीको पहिलो, दोस्रो र तेस्रो खण्डले शास्त्रीय मार्क्सवादको विस्तृत व्याख्या गरेको छ । मार्क्सका अनुसार समाजवाद भनेको अन्तिम विश्लेषणमा निजी स्वामित्वको अन्त्य र सामाजिक स्वामित्वमा आधारित समाज व्यवस्था हो । यस मान्यतालाई लेनिनले मार्क्सवाद भनी घोषणा गरे । लेनिनले मार्क्सवादी विश्व दृष्टिकोणलाई मार्गदर्शक सिद्धान्त मान्दै अक्टोबर रुसी क्रान्ति सम्पन्न गरेको दाबी गरे । समाजवादी क्रान्तिपूर्व र पुँजीवादको मरणासन्न अवस्था नै साम्राज्यवाद हो भनी उनले घोषणा गरे । रुसी अक्टोबर क्रान्तिपछि सर्वहारा वर्गको अधिनायकत्व लागु गर्ने नाममा एक दलीय कम्युनिस्ट पार्टीको नेतृत्वमा शासन सञ्चालन गरे । लेनिनले अतिरिक्त मूल्यद्वारा श्रमिकहरू माथि हुने शोषणको अन्त्यका लागि भन्दै निजी स्वामित्वको अन्त्य र सामूहिक स्वामित्वमा आधारित समाज व्यवस्थाको स्थापना गरेह आलोचना र आत्मालोचना, असल नेतृत्वको चयन, आत्मनिर्णयको अधिकार, दुई लाइनको संघर्ष र अल्पमत बहुमतको अधीनस्थ रहनेजस्ता विशेषतामा आधारित जनवादी केन्द्रीयता नामक संगठनात्मक सिद्धान्त प्रतिपादन गरी लागु गरेह जसलाई मार्क्सवादको विकसित अध्याय भनी परिभाषित गरियो । लेनिनको मृत्युपश्चात् क्रूर तानाशाह स्टालिनले लेनिनका यी मान्यतालाई लेनिनवाद भनी घोषणा गर्दै मृत्युपर्यन्त मार्क्सवादका नाममा लेनिनवादको रजाइँ र आफ्नो 'स्टालिन' तानाशाही शासन सञ्चालन गरे । समयको यही कालखण्डमा विश्वका ४६ वटा मुलुकमा समाजवाद स्थापना गर्ने नाममा एक दलीय कम्युनिस्ट शासन व्यवस्थाको स्थापना गरियो । हाल चीन, उत्तरकोरिया, क्युबा, लाओस र भियतनाम गरी पाँचवटा देशमा मात्र समाजवाद होइन, एक दलीय कम्युनिस्ट शासन रहेको छ ।

### समाजवाद कि सन्तुलित पुँजीवाद ?

सन् १८४८ मा कम्युनिस्ट पार्टीको घोषणापत्रको प्रकाशनसँगै समाजवादको बिगुल संसारभर बज्न सुरु गर्‍यो । प्रकाशमय गतिका साथ बिगुलको झङ्कार संसारभर गुन्जियो । पुँजीवादमाथि ठाडो आक्रमण सुरु गर्‍यो । हालसम्म विश्व व्यवस्था प्रणालीभित्र समाजवाद र पुँजीवादका बिचमा टकराब, प्रतिद्वन्द्विता तथा प्रतिस्पर्धा शत्रुवत ढङ्गले चल्दै आएको छ । वैश्विक समाजको अबको गन्तव्य कता हो भनेर घोषणा गर्नु अगाडि तथ्य र आधार केलाउन उपयुक्त हुन्छ । पुँजीवाद र समाजवादले अब केवल आर्थिक प्रणालीलाई मात्र नजनाएर अर्थराजनीति, प्रशासन र परराष्ट्र समेतलाई जनाउँछ । पुँजीवादले सामना गरेको सन् १९३० को आर्थिक मन्दीलाई किन्सियन थ्यौरीले, सन् १९८० को दशकबाट सुरु भएको उदारवादको समस्यालाई 'वासिङ्टन सहमति'ले र सन् २००८ मा देखापरेको 'सबप्राइम मोर्टगेज क्राइसिस' नामक मन्दीलाई विश्व बैङ्कका प्रमुख जेम्स ओल्फेसनद्वारा प्रस्तुत 'सेन्टियागो सहमति' नामक पुँजीवादको सन्तुलित विकासको मिश्रित अवधारणाले सम्बोधन गरेको छ । अर्थशास्त्रमा नोबल पुरस्कार विजेता अमर्त्य सेनको आर्थिक विकास र स्वतन्त्रता नामक साहित्यले पनि आर्थिक स्वतन्त्रतालाई विकासको पहिलो सर्त मानेको छ । सेनले गरिबी, अकाल मृत्यु, मानव विकास, लैङ्गिक असमानता, मानव अधिकार र उदारवादले सिर्जना गरेका समस्याका बारेमा विस्तृत अध्ययन गर्दै राजनीतिक स्वतन्त्रता, आर्थिक सुधार र स्वतन्त्रता, सामाजिक अवसर, पारदर्शिताको ग्यारेन्टी र सुरक्षात्मक सुरक्षाको सुनिश्चितताका लागि प्रस्ताव गरेका थिए । पछिल्लो सर्वेक्षण अनुसार, सबभन्दा बढी आर्थिक स्वतन्त्रता भएका दशवटा मुलुकमा क्रमश : सिङ्गापुर, न्युजिल्यान्ड, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, आयरल्यान्ड, ताइवान, बेलायत, स्टोनिया, क्यानडा र डेनमार्क छन् । सबभन्दा कम आर्थिक स्वतन्त्रता भएका पाँच मुलुकमा उत्तरकोरिया, भेनेजुयला, क्युबा, सुडान र जिम्बाबे छन् । तस्बिर आफैँ बोल्छ भनेजस्तै आर्थिक स्वतन्त्रता भएका देश नै विकास र समृद्धिको मापनमा अग्रपंक्तिमा छन् भने आर्थिक स्वतन्त्रता कम भएका मुलुक धेरै पछाडी छन् । सन्तुलित पुँजीवादमा आर्थिक स्वतन्त्रता हुन्छ भने समाजवादमा राज्यले अंकुश लगाएको हुन्छ । पुँजीवादी मुलुकले लोकतन्त्र, आर्थिक स्वतन्त्रता, नागरिक समाज, मानव अधिकार, कानुनी राज्यजस्ता प्रजातान्त्रिक विशेषतालाई आदर्श ठान्छन् भने समाजवादी मुलुकहरूले अभिशाप ठान्छन् । समाजवादी मुलुकहरूमा एक दलीयता, आर्थिक नियन्त्रण, नागरिक समाजमाथि प्रतिबन्ध वा नियन्त्रण, नाम मात्रको मानव अधिकार, नियन्त्रित न्यायालय जस्ता विशेषता रहेको पाइन्छ । हाल विद्यमान पाँचवटा कम्युनिस्ट मुलुकमध्ये कुनैमा पनि लोकतन्त्र, आवधिक निर्वाचन, आर्थिक स्वतन्त्रता, निष्पक्ष न्यायालय, आधारभूत मानव अधिकारको ग्यारेन्टी रहेको पाइँदैन । चिनमा देङ साओपिङले सुरु गरेको आर्थिक सुधारको कार्यक्रम र सन् २००४ देखि 'बेइजिङ सहमति'का नाममा अपनाएको विकासको मोडलले बजार अर्थतन्त्रलाई स्थान दिएको छ, जसकारण त्यहाँ द्रुत गतिमा विकास भएको छ, तर लोकतन्त्रको बन्ध्याकररण गरिएको छ । बाँकी चारवटा कम्युनिस्ट मुलुकमा कम्युनिस्ट पार्टीको एक दलीय शासनका साथै राज्य नियन्त्रित अर्थतन्त्र र बन्द समाज रहेको छ । युरोप र अमेरिका समुन्नत समाजमा पर्छन् भने एसिया र अफ्रिका विकाशील समाजमा पर्छन् । बढी आर्थिक स्वतन्त्रता भएका स्केन्डिनेभियन देशहरू 'नर्वे, स्वेडन, डेनमार्क' तथा नोर्डिक मुलुक 'थप फिनल्यान्ड र आइसल्यान्ड' विश्वकै उन्नत र समृद्ध मुलुकमा पर्छन् । त्यसकारण अबको वैश्विक समाजको गन्तव्य समाजवाद नभएर सन्तुलित पुँजीवाद हुने निश्चितप्राय : छ । किनकि लोकतन्त्र मानव मस्तिष्कको सबभन्दा नवीन राजनीतिक आविष्कार हो ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । स्वादिष्ट भोजन पाइनेछ । | **तुला** : शुभ कार्यमा सरिक भइनेछ । नयाँ बिजनेश प्लान बन्नेछ । |
| **वृष** : राजनैतिक, सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : बुद्धि विवेक प्रयोग गर्नुपर्नेछ । आफन्तका बीचमा खटपट छाउनेछ। |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **धनु** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । मनमा शान्ति छाउनेछ । |
| **कर्कट** : नयाँ योजना ल्याउन मुस्किल पर्ला। आर्थिक कारोबारमा मन्दी आउनेछ। । | **मकर** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । घरमा अतिथिको आगमन हुनेछ । |
| **सिंह** : वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। सामाजिक कार्यमा मन लाग्नेछ । | **कुम्भ** : समयले साथ दिनेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरू हुनेछन् । |
| **कन्या** : महिलाहरूबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । | **मीन** : लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ । |




बाल कथा

# शेखचिल्लीको मूर्खता



संस्कृतमा एउटा सूक्ति छ- 'विद्याधनं सर्वधनं प्रधानम् ।' यसको अर्थ हो धनहरूमा विद्यारूपी धन नै सर्वोत्तम धन हो । विद्याले विनय दिन्छ । विनयले सज्जन बनाउँछ । सज्जनलाई सबैले मन पराउने भएकाले धन कमाउन सजिलो हुन्छ । अनि धन कमाएपछि धर्म र सुख प्राप्त गर्न सकिन्छ । तर, यथार्थ के हो भने विद्या पढेर मात्र पनि हुँदैन । त्यसलाई सही ढङ्गले व्यावहारिक बनाउन पनि जान्नुपर्छ । अन्यथा त्यसले कुनै काम गर्न सक्दैन । उल्टै सबैको गिल्ला र हाँसोको पात्र बन्न पुगिन्छ । नपत्याए तलको कथा पढेर भाइबहिनीहरू आफैं प्रष्ट हुन सक्छन् । कथा त्यति बेलाको हो, जतिबेला भारतमा मुगलहरूको शासन थियो । एउटा गाउँमा शेखचिल्ली नामका मानिस बस्थे, जसको जन्म शेख परिवारमा भएको थियो । शेख परिवारमा जन्मेकाले सबैले उनलाई शेख भन्ने गर्थे । उनको परिवार गरिब थियो, बाबु सानैमा बितेका थिए । त्यसैले आमाले नै दुःख, कष्ट गरी हुर्काएकी थिइन् । उनी आफू गरिब भए पनि छोरालाई असल शिक्षा दिएर ठूलो मानिस बनाउन चाहन्थिन् तर शेख भने साह्रै सिल्ली स्वभावका थिए । उमेर बढ्दै गए पनि उनको स्वभाव उस्तै थियो । त्यसैले, आमाले तैपनि सुनिन्छ कि भनेर गाउँकै एउटा स्कुलमा भर्ना गरिदिइन् । गाउँ नजिकै रहेको सो स्कुलमा गाउँका थुप्रै बालबालिका पढ्थे । शेख दैनिक स्कुल त जान्थे तर पढ्नमा भने जिरो । एकोहोरो पाठ घोक्नुबाहेक केही आउँदैनथ्यो । तर जति घोके पनि पाठ कण्ठ हुँदैनथ्यो । त्यसैले, शिक्षकलाई एउटै पाठ पटक पटक दोऱ्याउनु पर्थ्यो । यत्तिकैमा एक दिन शिक्षकले केही बालबालिकाका साथमा राखेर वाक्य शुद्ध पार्ने सिकाउँदै भने- केटो भए खान्छ भन्नुपर्छ भने केटी भए खान्छी भन्नुपर्छ । त्यस्तै केटो भए जान्छ भन्नुपर्छ भने केटी भए जान्छी भन्नुपर्छ ।' बालबालिकाहरू त्यसैलाई दोऱ्याउन लागे ।

*एउटा गाउँमा शेखचिल्ली नामका मानिस बस्थे, जसको जन्म शेख परिवारमा भएको थियो । शेख परिवारमा जन्मेकाले सबैले उनलाई शेख भन्ने गर्थे । उनको परिवार गरिब थियो, बाबु सानैमा बितेका थिए । त्यसैले आमाले नै दुःख, कष्ट गरी हुर्काएकी थिइन् । उनी आफू गरिब भए पनि छोरालाई असल शिक्षा दिएर ठूलो मानिस बनाउन चाहन्थिन् तर शेख भने साह्रै सिल्ली स्वभावका थिए । उमेर बढ्दै गए पनि उनको स्वभाव उस्तै थियो । त्यसैले, आमाले तैपनि सुनिन्छ कि भनेर गाउँकै एउटा स्कुलमा भर्ना गरिदिइन् । गाउँ नजिकै रहेको सो स्कुलमा गाउँका थुप्रै बालबालिका पढ्थे । शेख दैनिक स्कुल त जान्थे तर पढ्नमा भने जिरो । एकोहोरो पाठ घोक्नुबाहेक केही आउँदैनथ्यो । तर जति घोके पनि पाठ कण्ठ हुँदैनथ्यो । त्यसैले, शिक्षकलाई एउटै पाठ पटक पटक दोऱ्याउनु पर्थ्यो ।*

दुईचार पटक दोऱ्याएपछि शिक्षकले सोधे- 'तिमीहरूले बुझ्यौ होइन त । केटा र केटीले खाँदा र जाँदा के भन्नुपर्ने रहेछ ?' सबैले सामूहिक स्वरमा भने- 'बुझ्यौं गुरु '! अरूले बुझ्यौं भनेकाले शेखले पनि त्यसै भन्नुपर्ने होला भन्ने ठानी बुझ्यौं भने । कक्षा समाप्त भयो । सबै आ-आफ्नो बाटो लागे । शेखले भने फर्कदा बाटामा एउटा दर्दनाक दृश्य देखे, जहाँ पोखरीमा डुब्न लागेकी सानी केटी बचाऊ बचाऊ भनिरहेकी थिइन् । तिनको अवस्था देखेर शेखले उतार्न खोजे तर सकेनन् । एक्लै उनको वशमा छँदा पनि थिएन । त्यसपछि पोखरीमा सानी केटी चिल्लिछी भन्दै गाउँतिर दौडिए । पहिले त गाउँलेहरूले उनको कुरै बुझेनन् । जब पटक पटक त्यसैलाई दोऱ्याउन थाले, तब के भएको रहेछ हेरौं न त भन्दै उनीहरू शेखको पछि लागे । ती केटी भने उनीहरू पुग्दा पनि बचाऊ बचाऊ भन्दै चिल्लाइरहेकी थिइन् । त्यति बेलासम्म केटीको हालत निकै दयनीय भइसकेको थियो । गाउँलेहरूले हत्तपत्त हातेमालो गरी उनलाई पानीबाट उतारे तर केटी भने त्यसपछि पनि चिल्लाइरहेकी थिइन् । त्यसैले शेखले हप्काउँदै भने- 'लौ हेर, अहिले पनि यो त चिल्लिछी । भै गो नि त, अब पनि किन चिल्लिछी ?' उनको कुरा सुनेर सबै हैरान भए । एउटाले त मुखै फोरेर भने- 'त्यो भनेको के हो ? किन त्यसो भनिरहेका छौ ?' उनको कुरा सुनेर शेखले भने- 'लौ माऱ्यो, त्यति पनि थाहा छैन ? स्कुलमा शिक्षकले यस्तै त पढाएका छन् ।' 'के पढाएका छन् ? 'यही कि केटो खान्छ, केटी खान्छी । केटो जान्छ, केटी जान्छी ।' 'त्योसँग यसको के सम्बन्ध छ र ?' 'छ नि किन छैन ।' 'जस्तै ?' 'जस्तै यही कि यदि केटो जान्छ र केटी जान्छी हुन्छ भने केटो चिल्लाउँछ र केटी चिल्लिछी किन हुँदैन ।' उनको मूर्खतापूर्ण कुरा सुनेर सबै हाँस्न लागे । उनी भने त्यतिबेला पनि चिल्लिछी नै भनिरहेका थिए । त्यसैले, त्यस दिनदेखि उनको नाममा चिल्ली शब्द जोडिएर सबैले शेख चिल्ली भन्न थाले । पछि गएर उनी यही नामले अर्थात् शेखचिल्लीको नामले प्रसिद्ध भए । यो एउटा दृष्टान्त हो । पढ्नुको अर्थ पाठ घोक्नु मात्र होइन, अर्थ बुझेर मनन गर्नु पनि हो । र, सोही अनुसार व्यवहारमा उतार्नु पनि हो । जहाँ पनि विद्या पढेर पनि प्रयोग गर्न जानिएन भने यस्तै अवस्था हुन्छ ।

***-रातोपाटी डटकम***

निबन्ध — डा. ईश्वरमणि अधिकारी

# नउठाइएको फोनको घण्टी



एक दिन बिहान क्लास निस्कने बेला फोनको घण्टी बज्यो । सोचैं अब यो फोन उठाउन लाग्यो भने क्लास निस्कन ढिला हुन्छ । क्लास सकिएपछि हेरेर कल ब्याक गर्नुपर्ला । घण्टी बजिरह्यो, म स्कुटरमा निस्कैं मर्निङवाक, कलेजतिर । क्लास सकिएपछि हेरेको धमला सरको पो रहेछ । धमला सर अर्थात् प्राडा टंकनाथ धमला । के कामले गर्नु भएथ्यो भन्ने लाग्यो, तत्काल कल ब्याक गरें लगातार दुई कल उठेन । त्यसताका जून बेला म अन्तिम पटक पिएचडी गर्ने सोचमा पुगेको थिएँ, धमला सरको फोनले दोस्रो घण्टी पुग्न पाउँथेन । सरसित फोनमा छु भनेपछि घरमा हजार काम माफ हुन्थ्यो । त्यसताका यौटा त्रास थियो मनमा । सरले पनि जाँगर मार्नु भयो भने अथवा मैले गाडी छुटाएँ भने मेरो पिएचडीको स्वप्न गाडी अन्तिम पल्ट पनि छुट्नेछ । र, म उक्त गाडी फेरि कहिल्यै कुर्दिन पनि । मान्छे बाँधिने आखिर स्वप्नले रहेछ । म त आफूलाई स्वप्नरोगी भन्न रुचाउँछु, कुनै स्वप्न देखेपछि त्यसैको पछि एकोहोरो लागिरहने । हाम्रो विश्वविद्यालयमा एक जना प्राध्यापकले एकै पटकमा पाँच जना भन्दा बढ्ता विद्यार्थी लिन पाउँदैन पिएचडीका लागि । न त पिएचडी गराएकै कारण कक्षा लिनु नपर्ने हुन्छ, न त थप ह्याण्डसम अतिरिक्त सुविधा नै । टाउको खियाएर, घर परिवारलाई दिने समय कटाएर विद्यार्थीले लिएको वा दिइएको समस्याको गहन अध्ययन गरेर उसलाई दीक्षित गराउन अभिप्रेरित गर्नु/गराउनु यौटा कष्टकर सौर्य यात्रा हो गुरुका लागि पनि । सायद त्यसै भएर हत्पत्ति कसैले शिष्य स्विकारी हाल्दैन । अझ गणितीय समस्याहरू सितको अध्ययन अनुसन्धानको कथा भिन्दै हुन्छ । वर्षौं त्यसैको पछिल्तिर एकोहोरो लाग्दा नि नसकिंदासम्म नतिजा जहिले पनि कि शून्य कि एक ।

कुन बेला शून्य हुर्केर एक हुन्छ, पत्तै हुन्न । नहुञ्जेल त हुन्छ कि हुन्न पनि थाहै हुन्न । जतिखेर पनि हुन्न कि भन्ने त्रास बोकेर हिँडिरहनु पर्ने दिक्दारीपूर्ण यात्रा लाग्यो मलाई यो पिएचडी यात्रा पनि । त्यस्तै कष्टपूर्ण तर रोमाञ्चक यात्राबाट गुज्रिएको धेरै भएको छैन मेरो । शिष्यको बौद्धिक, पारिवारिक, सामाजिक तथा मानसिक अवस्थासमेत बुझेर उसको क्षमता र चिन्तनलाई थप बल प्रदान गर्नु र अनुसन्धानमा डोऱ्याउनु गुरुको दायित्व हो । 'पिएचडीको नदीमा होमिएको आफ्नो शिष्य जति मेहनत गर्दा पनि नउत्रेला जस्तो भयो वा बग्न लाग्यो भने त्यस्तो अवस्थामा सुपरभाइजरको के भूमिका हुन्छ ?' एकपटक चिया गफमा मैले यो प्रश्न गरेथें, डा श्रीराम खड्कालाई । उनको सुपर भिजनमा मेरा एकजना मित्र पनि पिएचडी गर्दै थिए । डा. खड्काले भने, 'हैट, त्यस्तोमा त हेरेर बस्न हुन्न । बाहिर हुँदा, आऊ नदी खासै गहिरो छैन, दह्रोसित पाइला चाले सहजै तर्न सकिन्छ भन्ने । तर्न यसरी र यताबाट सहज हुनसक्छ पनि भन्ने । तर्दै जाँदा बग्नै लाग्यो भने बग्न दिन त भएन । तर, तार्न पनि सकिन्न । बरू झ्याप्प कपालमा समातेर वारी किनारमै ल्याएर छाड्दिने' ! धमलाका शिष्य त यसो भन्थे भने गुरुको के कुरा गरौं ! तर आफ्ना शिष्यहरूलाई सन्तानलाई जस्तै माया गर्ने उनलाई हामी प्राय बा भन्छौं । आफ्नो समयका विश्वविद्यालयका गोल्डमेडलिस्ट, मुलुकभित्र र बाहिर खासगरी नास्ट तथा युरोपेली अनुसन्धान केन्द्रबाट थुप्रै प्रतिष्ठित पुरस्कारहरूद्वारा पुरस्कृत, सयौंको संख्यामा अनुसन्धान पत्रहरूको प्रकाशन तथा त्यत्तिकै संख्यामा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार तथा कन्फ्रेन्सहरूमा आफ्ना अनुसन्धान-पत्रहरूको प्रस्तुति र हजारौंको संख्यामा अनुसन्धानहरूको साइटेसन भएका उनी त्रिभुवन विश्वविद्यालयभित्रका एक उच्च प्राज्ञिक व्यक्तित्व हुन् भन्दा गुरुस्तुति गरेको ठहरिन्न । त्रिवि अन्तर्गतकै विभिन्न विभागहरूको नेतृत्व गर्नुका अतिरिक्त विभिन्न प्राज्ञिक संघ/संस्था तथा जर्नलहरूसितको उनको संलग्नताका अलावा विश्वका विभिन्न विश्वविध्यालयहरूका आमन्त्रित प्राध्यापक उनी नेपालमै रहेर गणितको अनुसन्धानलाई विश्वस्तरमा परिचित तथा स्थापित गराउने प्राध्यापकहरू मध्येमा अग्रस्थानमा पर्छन् ।

अहिले पनि उनको मातहतमा अनुसन्धानमा लागिरहेका तथा लाग्न चाहनेहरूको लामो लर्को छ । केही समयअघि त्रिवि सेवा आयोगका लागि अध्यक्षको खुला आवेदन माग भयो । मूल्याङ्कनका विभिन्न आधार र प्रक्रियाहरू खुलाएर मागिएको आवेदन झट्ट हेर्दा नाटक जस्तो देखिन्थेन । माथि उल्लेखित तथा अन्य केही प्रावधानहरू पनि उच्च प्राज्ञिक प्राध्यापकको अनुकूलका थिए । लाग्यो, सुधारका लक्षणहरू देखिने भए । धमला सरले पनि आवेदन गर्ने कुरा गर्नु भयो । मलाई लाग्यो, राजनैतिक भागबण्डाले गाँजिएको यो समयमा कसैको पनि हाम्रो मान्छे हुन नसकेको यौटा राम्रो मान्छे कसरी छानिन सक्ला र सेवा आयोगमा । त्यसमा पनि अध्यक्ष । अलिअलि राजनैतिक घटनाक्रम तथा नियुक्तिहरूलाई नजिकबाट चियाइरहेको जो कोही सामान्य नागरिकलाई पनि लाग्थ्यो, हाम्रोमा राजनीतिबाट निरपेक्ष रहेर अराजनीति पनि सम्भव छैन । मलाई पनि त्यस्तै लागेथ्यो, तर आवेदन नगरौं चाहिँ भनिन । मैले भन्दैमा पनि के हुन्थ्यो र ? कुनै राजनैतिक पार्टीसित धमला सरको साइनो छ जस्तो मलाई लाग्दैन । विद्यार्थी कालमा कुनै विद्यार्थी संगठनसित नजिक भएको भए थाहा भएन । नत्र अहिले त मतदाता नामावलीमा समेत सायदै नाम होला । गफैगफको क्रममा युरोपमा सँगै हुँदा भनेथें, भोट हाले नि नहाले नि मतदाता नामावलीमा नाम चढाउनु र चुनावको दिनमा औंलामा मसी लाएको फोटो सोसियल साइटमा हाल्नु सर, कुनै बेला काम लाग्छ । हैट, भनेर खुट्टा घुमाउनु भयो मात्र । हुन त सरलाई पनि कुनै एक पार्टीसित जोडेर हेरियो, मलाई लाग्दैन सरको प्रत्यक्ष नाता छ उक्त पार्टीसित । उनका परिवारका कसैसित जोडेर हेरिएको हुनसक्छ । विश्वविद्यालय समस्याहरूको चंगुलमा फसेको छ । सजिलै कोही कसैले यी तमाम समस्याहरूको गुजुल्टो फुकाउन सक्ला भन्ने विश्वास गर्न कठिन छ । प्राय : जो उपकुलपति भएर गए पनि उसलाई काम गर्ने अनुकूल टिम र वातावरण भएन भने हुने त हातमा लाग्यो शून्य नै हो । कोही कसैले चाहेर मात्रै पुरै कायापलट सम्भव छैन । विश्वविद्यालयहरू मात्रै पनि ठिकठिक ढंगले चल्न सके देश पूरै सिस्टममा चल्न सुरु गर्छ । बेथितिहरूको कक्षा र पाठ नै विश्वविद्यालयले पढाइरहेछन् । विश्वविद्यालय कसरी सञ्चालन हुन्छ भन्ने कुरा उपकुलपति र उनको टिममा भर पर्छ । प्राज्ञिक अभ्यासमा हुर्केको, विश्वविद्यालयका समस्या र सम्भावनालाई राम्रोसँग बुझेको, अध्ययन-अनुसन्धानमा विशिष्टता हासिल गरेको युरोप, अमेरिका र अन्य थुप्रै विकसित मुलुकका विश्वविद्यालय तथा रिसर्च सेन्टरहरूका जानकार एवम् आफ्नो रिसर्च एरियाका फ्रन्ट लाइनका रिसर्चर धमलासित जादुको छडी थियो र अहिलेको यो लथालिङ्ग र अस्तव्यस्त विश्वविद्यालय झटपट लयमा फर्किन्थ्यो त म भन्न सक्दिन तर कम्तीमा राजनैतिक हस्तक्षेप र भागबण्डाबाट मुक्त हुन्थ्यो कि ।

केही सिस्टम बस्थे, नियमितता, पारदर्शिता र जबाफदेहितामा केही सुधार जरुर हुन्थे । थाहा छैन, त्यो भन्दा धेरै गुणा राम्रो हुन पनि सक्ला, उनी नहुँदा । त्यसो त उच्च राजनैतिक दाउपेच र तनाव झेल्ने सामर्थ्य उनमा छ जस्तो मलाई नलागेरै मैले यो नजाने गाउँको बाटो नसोधौं सर भनेथें, सुरुमै जब भिसीमा आवेदन गर्ने कुरा चल्यो । म त्यस्तो सल्लाह दिन सक्ने शिष्य त होइन र पनि बेलाबेला कुरा भैराख्छ । फेरि जसले जे भने पनि सजिलै त मान्नु हुन्न सर । आफूले भनेपछि भन्यो-भन्यो । आफ्ना धारणा गलतै भए पनि झटपट परिमार्जन गरिहाल्ने स्वभाव छैन । यतिखेर मलाई लाग्दैछ, धमला सरले टियुको भिसी हुने बाटो सोध्नु मात्रै भएन, आफ्नै प्राज्ञिक तथा बौद्धिक सामर्थ्यले कोही कसैको दौराको फेरो नसमाती झण्डै त्यहाँसम्म पुगेर सकुशल फर्किनु भयो । अहिलेको यो परिवेशमा हजुर पुग्न सक्ने भीसीवाला गन्तव्य वश त्यहींसम्म थियो धमला सर । त्यो बिहान फोन उठाउन भ्याएको भए वश यत्ति भन्नु थियो ।

***-साहित्यपोस्ट डटकम***

# गिरिजाप्रसाद कोइरालाको सम्झना




**पाल्पा,** चैत ७/नेपाली काँग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सम्झना गरिएको छ । उनको १४ औं स्मृति दिवसका अवसरमा बुधबार नेपाली काँग्रेस, त्यसका भ्रातृ एवं शुभेच्छुक संस्थाहरुले देशभर विभिन्न कार्यक्रम गरी सम्झना गरेका हुन् ।

उनीहरुले कोइरालाले देश र जनाताका लागि गरेको योगदानको चर्चा गर्दै सम्झिएका हुन् । १८ असार १९८१ मा जन्मेर चार पटक प्रधानमन्त्री भएका कोइरालाको ७ चैत २०६६ सालमा निधन भएको थियो । माओवादीलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका उनलाई एक निर्भिक र निडर नेताका रूपमा लिने गरिन्छ । सशस्त्र द्वन्द्वमा लागेको समूहलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन कोइरालले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । विस २०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्र शाहले जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरी आफूअनुकूलका प्रधानमन्त्री नियुक्त गर्न थालेपछि राजतन्त्रप्रति जनताको आस्था घटेको थियो । त्यसपछि भएका आन्दोलनको नेतृत्व गिरिजाप्रसाद कोइरालाले नै गरेका थिए । विसं २०६१ माघ १९ गते दलमाथि प्रतिबन्ध लगाउँदै राजा ज्ञानेन्द्र आफै मन्त्रिपरिषद्को अध्यक्ष बनेपछि कोइरालाले सबै राजनीतिक दललाई एकै ठाउँमा ल्याएर पूर्ण लोकतन्त्रको स्थापनाका लागि आन्दोलनको नेतृत्व गरेका थिए । पूर्वप्रधानमन्त्री कोइरालाकै नेतृत्वमा विसं २०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्र आन्दोलनरत सात दलको मार्गचित्र अनुरूप विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्न सहमत भएका थिए । आन्दोलन सफल भएपछि उनी चौथोपटक मुलुकको प्रधानमन्त्री बनेका थिए । पुनःस्थापित प्रतिनिधि सभाले विसं २०६३ जेठ ४ गते राजाको सबै अधिकार कटौती गर्दै आलङ्कारिक राजाका रुपमा ज्ञानेन्द्र शाहलाई सीमित गरेको थियो । नेता कोइरालाकै नेतृत्वमा माओवादी जनसेनाको समायोजनसहित हतियार व्यवस्थापन भएको थियो । उनकै नेतृत्वमा छ दशकभन्दा लामो संविधानसभा निर्वाचन गर्ने कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको सपना पूरा भएको थियो । नेता कोइरालाले अन्तिम कार्यकालमा भने कार्यवाहक राष्ट्राध्यक्षको कार्यभारसमेत सम्हालेका थिए । उनकै नेतृत्वमा २०६५ जेठ १५ गते नेपालबाट दुई सय ४० वर्षको इतिहास भएको शाह वंशीय राजसंस्थाको अन्त्य भई नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित भएको थियो । नेपालमा शान्ति स्थापनाका लागि कोइरालाले पुऱ्याएको योगदानको स्मरण गर्दै हरेक वर्ष चैत ७ गते स्मृति दिवस मनाउने गरिन्छ ।

# मोहन कन्याका विद्यार्थीलाई आत्मरक्षा तालिम

मन गहिरे



**पाल्पा,** चैत ७/पछिल्लो समय हिंसा, बलात्कार जस्ता अपराधिक गतिविधीहरु बढीरहेका बेला जिल्लाको तानसेनमा रहेको मोहन कन्या माविमा अध्ययनरत कन्या विद्यार्थीहरुलाई भने आत्मरक्षा तालिम दिइएको छ । सामाजिक विकास डिभिजन कार्यालय पाल्पाको आयोजना र मोहन कन्या माविको समन्वयमा यहाँ अध्ययनरत ३४ जना छात्राहरुलाई आत्मरक्षा तालिम दिइएको हो ।

किशोरीहरुलाई आत्मरक्षा गर्न सक्ने तथा हिसांबारे चेतना जगाउने उद्देश्यका साथ तालिम दिइएको छ । तालिममा संवेदनशिल अंगमा प्रहार गर्दा आफु कसरी बच्न सकिन्छ ?, आफ्नो क्षमता आफैले कसरी पहिचान गर्ने ?, आफ्नो सुरक्षा कसरी गर्ने ?, हिंसाहरु कस्ता कस्ता हुन्छन् ? कसरी आत्म अनुसाशनमा बस्ने र आपतकालिन अवस्थामा आफ्नो बचाउ कसरी गर्न सकिन्छ भन्ने विषयमा प्रशिक्षण दिइएको थियो । मुख्य प्रशिक्षक वीरबहादुर कुमालले प्रशिक्षण दिएका थिए । तालिम ५० दिनसम्म सञ्चालन भएको थियो । गत माघ ९ गतेदेखि सञ्चालन भएको तालिमको एक औपचारिक कार्यक्रमका बिच समापन गरिएको छ । तालिमको शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाका प्रमुख महेन्द्र सुवेदीले समापन गरेका हुन् । समापन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि समेत रहेका उनले आत्मसुरक्षाका लागि तालिम महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । प्रमुख सुवेदीले किशोरीहरुका लागि 'आत्म रक्षा सीप' तालिमको आवश्यकता महशुस गरेर नै मोहन कन्यालाई छनौट गरिएको बताए । तालिममा सिकेका ज्ञान, सीपलाई व्यवहारिक जीवनमा प्रयोग गर्न सके अपराधिक गतिविधिबाट बच्च सकिने धारणा व्यक्त गरे ।

सामाजिक विकास डिभिजन कार्यालय प्रमुख मित्रप्रसाद गौतमले आगामी दिनहरुमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिर्दै जाने बताए । विद्यालयका प्रधानध्यापक दीपक ज्ञवालीले आत्मरक्षा तालिमको छनौट गरी कन्या विद्यालयका छात्राहरुलाई अवसर प्रदान गरेकोमा सामाजिक विकास डिभिजन कार्यालयलाई धन्यवाद दिए । प्रशिक्षक धनपति गैरेले आत्मरक्षाको सीप जानेका किशोरीहरुमा मनोवैज्ञानिक ढंगबाट आफु सक्षम र शाहसी छु भन्ने कुराको आत्मविश्वास बढाउने बताए । तालिममा सहभागी छात्रा प्रशंशा बगालेले तालिमले आफुहरुलाई साहशी र आत्मविश्वासी बनाएको बताइन् । उनले भनिन् 'आत्मरक्षाका सीप नसिक्दा बाटोमा एक्लै हिंड्दा पनि डराउने, कमजोर भएको अनुभूति हुन्थ्यो भने तर अहिले तालिम लिएपछि भने आफुलाई साहशी र आत्मविश्वासी बनाएको छ ।' विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष विधान श्रेष्ठले तालिममा सहभागी छात्राहरुलाई प्रमाण पत्र वितरण गरेका थिए ।

## खेलकुद समाचार

# फ्रेन्डसिप कप खेल्ने नेपालको टोली घोषणा



**काठमाडौं,** चैत ७/नेपालले घरेलु मैदानमा आयरल्यान्ड वोल्भससँग दुई टी-२० र भारतमा खेल्ने त्रिकोणात्मक टी-२० सिरिजको लागि आफ्नो टोली घोषणा गरेको छ ।

रोहित पौडेलको कप्तानीमा घोषणा गरिएको टोलीमा पछिल्लो पटक हङहङ भ्रमणमा राम्रो प्रदर्शन गरेका तीव्र गतिका बलर आकाश चन्दलाई समेटिएको छ । हङकङ भ्रमणमा नरहेका विकेटकिपर अनिलकुमार शाह पनि नेपालको टोलीमा छन् । नेपालले सोमबार र मंगलबार आयरल्यान्ड 'ए'सँग टी-२० खेल्नेछ । त्यसपछि नेपाल भारतमा जानेछ । फ्रेन्डसिप कपमा नेपाल, गुजरात र बरोडाबीच त्रिकोणात्मक टी-२० आई सिरिज हुनेछ । नेपालले पहिलो खेल चैत्र १८ गुजरातसँग खेल्नेछ । दोस्रो खेल चैत्र २० मा बरोडासँग खेल्नेछ । चैत्र २१ गुजरातसँग खेल्नेछ । त्यस्तै सिरिजको अन्तिम खेल चैत्र २३ मा बरोडासँग खेल्नेछ । फाइनल चैत्र २५ हुनेछ । सिरिजमा शीर्ष दुई टोलीले फाइनल खेल्नेछन् ।

नेपाली टोलीमा रोहित पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, कुशल मल्ल, विवेक यादव, सन्दीप जोरा, अनिल शाह, गुलशन झा, दीपेन्द्रसिंह ऐरी, ललित राजवंशी, करण केसी, सोमपाल कामी, प्रतिश जिसी, अभिनाश बोहरा र आकाश चन्द रहेका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# रेसुङ्गा विमानस्थलबाट सातामा तीन उडान



**गुल्मी,** चैत ७/रेसुङ्गा विमानस्थलबाट सातामा तीन दिन उडान हुन थालेको छ । सोमबारदेखि सातामा तीन उडान हुन लागेका हुन् ।

यसअघि नेपाल एयरलाइन्सले बुधबार र शुक्रबार गरी दुई दिन उडान गर्दै आएको छ । अबदेखि सोमबार पनि सोही एयरलाइन्सले उडान भर्न लागेको रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाले जानकारी दिए । रेसुङ्गा नगरपालिकाका प्रमुख खिल्धवज पन्थीले यात्रुको चाप बढेकाले नेपाल एयरलाइन्ससँग समन्वयमा एक उडान थप गरिएको बताए । 'यात्रुको चाप बढेपछि थप एक उडान सुरु गर्न लागिएको हो । आगामी दिनमा यात्रुको चापका आधारमा थप उडानबारे एयरलाइन्ससँग आवश्यक समन्वय गरिनेछ', उनले भने । नेपाल एयरलाइन्सको १८ सिट क्षमताको जहाजले प्रत्येक साताको बुधबार र शुक्रबार विहान काठमाडौं-रेसुङ्गा-काठमाडौं उडान गर्दै आएको छ । रेसुङ्गा विमानस्थल सञ्चालन हुनुपूर्व गुल्मी जिल्लावासीले रुपन्देहीको भैरहवासम्म गाडीमा र त्यहाँबाट हवाई जहाज चढेर काठमाडौं जाने गर्दथे । काठमाडौंबाट फर्किंदा पनि भैरहवासम्म हवाईजहाजमा र त्यसपछि झण्डै ५ घण्टा गाडीमा यात्रा गर्नुपर्ने बाध्यता थियो । नियमित उडानसँगै त्यो बाध्यता हटेको छ ।

जिल्लाबाटै नियमित उडानपछि गुल्मेलीले राहत महशुस गरेका छन् । काठमाडौं-रेसुङ्गा लागि सात हजार दुई सय ८० र रेसुङ्गा-काठमाडौं रुटकाका लागि सात हजार ८० भाडादर निर्धारण गरिएको छ । रेसुङ्गा बिमानस्थल सदरमुकाम तम्घासबाट पाँच किलोमिटरको दुरीमा पर्छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई